# आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना

## २०८०

IDeS
Dadeldhura, Nepal

एकिकृत विकास समाज

अमरगढी नगरपालिका वडा नं.५

डडेल्धुरा

मिति : २०८०/श्रावण/४ गते

# विषयसुची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | डडेल्धुरा जिल्लाको विपदजन्य घटनाको अवस्था विश्लेषण | ४ |
| २ | डडेल्धुराको पालिका अनुसार जोखिमको अवस्था | ५ |
| ३ | जोखिम विश्लेषण | ५-६ |
| ४ | डडेल्धुराको सामाजिक आर्थिक सन्दर्भ | ६-७ |
| ५ | डडेल्धुरा भित्र रहेका पूर्वाधार तथा सेवाहरु | ८ |
| ६ | जिल्लाको आर्थिक तथा जिविकोपार्जनका मुख्य क्रियाकलापहरु | ८ |
| ७ | डडेल्धुरामा विपद प्रतिकार्य तथा पुन:प्राप्तीको लागी संस्थागत क्षमता र श्रोत | ८-९ |
| ८ | डडेल्धुरा जिल्लाको वातावरणिय अवस्था | ९ |
| ९ | डडेल्धुरा जिल्लाका प्राकृतिक सम्पदाहरु | १० |
| १० | डडेल्धुरामा रहेका वातावरणीय जोखिमहरु | १० |
| ११ | डडेल्धुराका वातावरणीय श्रोत तथा सम्भाव्यता | ११ |
| १२ | विपद व्यवस्थापनको संस्थागत खाकाहरु | ११ |
| १३ | विपद व्यवस्थापनमा विभिन्न निकायहरुको भूमिका | १२ |
| १४ | विपद व्यवस्थापनको लागी एकिकृत विकास समाजको तयारी | १२-१३ |
| १५ | विपद व्यवस्थापनको लागी डडेल्धुराको विषयगत क्षेत्र र जिम्वेवारी | १३ |
| १६ | आपतकालीन कार्यमा एकिकृत विकास समाजको अनुभव | १४ |
| १७ | मौषमीपात्रो र जोखिम विश्लेषण | १५ |
| १८ | डडेलधुराको जोखिम परिदृश्य | १५-१६ |
| १९ | आपतकालीन कार्ययोजना | १६ |
| २० | आपतकालिन समयमा आवश्यक पर्ने महत्वपूर्ण सम्पर्क नम्वरहरु | १६ |
| २१ | मानवश्रोत व्यवस्थापन | १७ |
| २२ | पूर्व सुचना प्रणाली संयन्त्र | १७ |
| २३ | डडेल्धुराका नदी तथा वर्षा मापकहरुको सम्पर्क नम्वरहरु | १८ |
| २४ | आपतकालीन अवस्था विश्लेषण | १८ |
| २५ | एकिकृत विकास समाजमा रहेका सामाग्री तथा उपकरण हरु | १९ |
| २६ | सवारी साधन तथा भण्डार गृह | |

## पृष्ठभुमी

नेपालको कमजोर भू-बनोट, कमलो चुरे पहाड, मौसमी घटनाहरु, चुरेको प्राकृतिक श्रोतको अत्यधिक विनास, अव्यवस्थित वसोवास तथा खेती प्रणाली, तिब्र जनसंख्या बृद्धि, बनजंगल माथिको अति निर्भरता, अव्यवस्थित संरचनात्मक विकास ग्रामिण सडकहरु तथा पुर्वाधारहरु, जलवायु परिवर्तन, सामना गर्ने क्षमताको कमि तथा जोखिम साथै प्रकोपको प्रभावको बारेमा समुदायमा जनचेतनाको कमि जस्ता कारणहरुले नेपाल प्राकृतिक विपद्को उच्च जोखिममा रहेको छ। यिनै जोखिमका अवस्थाहरुलाई मध्यनजर गर्दै नेपाल सरकारले प्रकोपका प्रभावहरुलाई न्यून गर्ने उद्देश्यलाई आफ्नो प्रमुख प्रथमिकताको क्षेत्रमा राखेको छ र सोही अनुरुप योजना तर्जुमा गर्ने तथा बिद्यमान योजनाहरुलाई अद्यावधिक र निर्माण गर्ने कार्यलाई निरन्तरता दिएको छ। सोहि अनुसार जिल्लाको विपद जोखीम व्यवस्थापनको कार्य लाई सहयोग गर्ने उदेश्यका साथ एकिकृत विकास समाज डडेल्धुराले राष्ट्रीय तथा अर्न्तरार्ष्टिय संघीय संस्थाहरुसँग समन्वय र सहकार्य गरी विपदको क्षेत्रमा काम गर्नका लागि आपतकालीकन पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरेको छ।

सुदुरपश्चिमाञ्चल प्रदेश अन्तर्गत रहेको डडेल्धुरा जिल्ला समुन्द्री सतहबाट ४६२ मिटर देखि २४३९ मिटरको उचाईमा १५३८ वर्ग किलोमिटर भित्रमा फैलिएको छ। राष्ट्रीय जनगणना २०७८ अनुसार यस जिल्लाको कुल जनसंख्या १,३९,६०२(महिला ७३७०९ र पुरुष ६५८९३६) रहेको छ। प्रकोपको दृष्किोणले यो जिल्ला उच्च जोखिम क्षेत्र भित्र पर्दछ। बाढि, पहिरो, आगलागी लगायत अन्य प्रकोपका कारण प्रत्येक वर्ष यो जिल्लामा औसत १,००० परिवारहरु प्रभावित हुने गर्छन्। यस योजनामा कुल जनसंख्याको २५ प्रतिशत (३७,९०५ जना) प्रत्यक्ष प्रभावित हुने पुर्वानुमान गरिएकोछ। त्यस्तै झाडापखाला तथा अन्य सरुवारोगबाट पनि यो जिल्ला त्यत्ति नै मात्रामा प्रभावित बन्ने गरेको छ। भुकम्पीय जोखिमका दृष्टिकोणबाट पनि यो क्षेत्र अती संकटासन्न क्षेत्रभित्र पर्दछ।

पछिल्लो समय डडेल्धुराका विभिन्न क्षेत्रहरुमा मुख्यतया बाढी, पहिरो जस्ता प्रकोपले सताईरहेको र विश्वव्यापी रुपमा फैलिने महामारी जन्य प्रकोप बाट समुदाय प्रभावित भईरहेको सन्दर्भमा एकिकृत विकास समाज डडेल्धुराले पनि संस्थागत रुपमा आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई विपदपूर्व तयारी गर्नु आवश्यक ठानी यो आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० तयार गरिएको हो।

## १ : डडेल्धुरा जिल्लाको विपदजन्य घटनाहरुको अवस्था विश्लेषण

### डडेल्धुरा जिल्लाको केही प्रमुख प्राकृतिक तथा अन्य प्रकोपको घटनाहरुको विवरण

| प्रकोप | मिति | स्थान | क्षति |
|---|---|---|---|
| कोविड १९ | २०७८,२०७९ | डडेल्धुरा | २८ जनाको निधन |
| बाढी | २०६२/६३ | परशुराम नगरपालिका | ३२ जनाको मृत्यू, ३५ वटा घर बगाएको तथा खेतियोग्य जमिन बगाएको |
| बाढी | २०६४ | परशुराम नगरपालिका | २६० घर पूर्ण रुपमाक्षती |
| बाढी | २०७८ | आलिताल गाँउपालिका | १ जनाको मृत्यू ६८ घर प्रभावित |
| बाढी | २०७३ | गन्यापधुरा गाँउपालिका | ३ जना विद्यार्थिको मृत्यू |
| बाढी | २०७८ | गन्यापधुरा गाँउपालिका | २ जनाको मृत्यू, ४ जना घाईते, ६६ घर पूर्ण रुपमा क्षती |
| पहिरो | २०६६ | गन्यापधुरा र नवदुर्गा गाउपालिका | ७ जनाको मृत्यु तथा खेती योग्य जमिनमा नोक्सानी |
| आगलागी | निरन्तर | जिल्लाभरी | वन जंगल नोक्सानी तथा पशुचौपाया नोक्सानी |
| भुकम्प | २०७९ | अमरगढी र अजयमेरु | ४जनाको मृत्यू, |
| झाडापखाला | २०६२ | नवदुर्गा र अमरगढी | • जनाको मृत्यू |

डडेल्धुरा जिल्लामा रहेको ७ वटा पालिकाहरु मध्ये भित्रि मधेश क्षेत्रमा पर्ने दुई वटा पालिकाहरु बाढी तथा पहिरोको प्रकोपको उच्च जोखिममा रहेको पालिकाको रुपमा लिईन्छ। एतिहासिक समय रेखा हेर्दा डडेल्धुराको भित्रिमधेश क्षेत्रमा पर्ने परशुराम नगरपालिका र आलिताल गाँउपालिकामा बारम्बार बाढी तथा पहिरो ले विपदको रुप लिएको देख्न सकिन्छ।

जिल्लाको नवदुर्गा गाउपालिका र गन्यापधुरा गाँउपालिकामा पहिरोको जोखिम रहेको एतिहासिक समयरेखामा देखिए पनि कुनै कुनै वर्ष गन्यापधुरा गाँउपालिकामा पहिरोको प्रकोपले पनि जन धनको क्षति पुगाएको देख्न सकिन्छ।

भुकम्पीय जोखिमको हिसाबले निकै उच्च जोखिममा रहेको जिल्लाको रुपमा चिनिने डडेल्धुरा मा भर्खर मात्र १००० घरमा सर्वेक्षण गर्दा ३५ प्रतिसत घरहरु भुकम्पको उच्च जोखिममा रहेको तथ्यांकले देखाएको छ यद्यपी डडेल्धुरा जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० मा उल्लेख गरिएको एतिहासिक समयरेखामा ४ जनाको मृत्यू भएको र केही भौतिक संरचनाहरुमा नोक्सान भएको देखिन्छ।

### २: डडेल्धुराको पालिका अनुसार प्रकोप जोखिमको अवस्था

| क्र.सं. | पालिका | सम्भावित जोखिम | कैफियत |
|---|---|---|---|
| १ | अमरगढी नगरपालिका | भुकम्प, पहिरो | |
| २ | परशुराम नगरपालिका | बाढी, पहिरो, आगलागी, भुकम्प | |
| ३ | अजयमेरु गाँउपालिका | पहिरो, आगलागी, भुकम्प, खडेरी | |
| ४ | आलिताल गाँउपालिका | बाढी, पहिरो, आगलागी, भुकम्प | |



CamScanner

| | | | |
|---|---|---|---|
| ५ | भागेश्वर गाँउपालिका | बाढी, पहिरो, आगलागी, खडेरी | |
| ६ | गन्यापधुरा गाँउपालिका | बाढी, पहिरो, आगलागी, खडेरी | |
| ७ | नवदुर्गा गाँउपालिका | बाढी, पहिरो, आगलागी, खडेरी | |

## ३ : जोखिम विश्लेषण

विश्वव्यापी रुपमा आक्रान्त पारेको कोविड १९ डडेल्धुरा जिल्लामा पनि २८ जनाको ज्यान जाने गरेर फैलिएको थियो भने यसको प्रभाव जिल्लाको सवै पालिका तथा समुदायमा फैलिएको थियो । यद्यपी कोविड १९ संगसंगै वाढी, पहिरो र भुकम्प को प्रभावपनि डडेल्धुरामा रहिरहेको छ । प्रकोपको प्रभाव र त्यसको उर्पास्थतीको आधारमा डडेल्धुरा जिल्लामा रहेको सम्भावित प्रकोपहरुको विश्लेषण यस प्रकार गरिएको छ ।

**भुकम्प**

डडेल्धुराको सदरमुकाममा पछिल्लो समय वढ्दो शहरीकरण संगै भौतिक संरचनाहरुको निर्माण वढ्दो क्रममा रहेको छ भने एक अध्ययनकाअनुसार १००० घर मध्ये ३५ प्रतिसत घर भुकम्पीय जोखिममा रहेको देखिन्छ भने ग्रामिण भेगमा बनेका पुराना संरचनाहरु झन उच्च जोखिममा रहेको अनुमान लगाउन सकिन्छ ।
भुकम्पका कारण डडेल्धुराका व्यक्तिगत घरहरु मात्र नभएर सार्वजनिक भवनहरु, सिचाई तथा खानेपानी योजनाहरुका साथै सडक तथा पुलहरुमा क्षति पुग्ने सम्भावना देखिन्छ ।

**बाढि**

डडेल्धुराको भित्रिमधेश क्षेत्रको आलिताल गाँउपालिका तथा परशुराम नगरपालिका रंगुन नदी तथा पन्तुरा नदी लगायत शाखा नदिहरु संग संगै जिल्लाको गन्यापधुरा गाउपालिका, भागेश्वर गाँउपालिकामा रहेका स साना खोलाहरुमा आउने वाढीका कारण जमिन कटान भई खेती योग्यजमिन, वस्ति का साथै सडक , पुलपुलेसाहरुमा नोक्सान पुग्ने सम्भावना रहन्छ ।

**पहिरो**

डडेल्धुरा जिल्लाको सात वटै पालिकाका विभिन्न भुभागहरु पहिरोको उच्च जोखिममा रहेको छ । परशुराम नगरपालिका र आलिताल गाँउपालिकाको चुरे क्षेत्रमा रहेको बस्तिहरु तथा गन्यापधुरा गाँउपालिका र भागेश्वर गाँउपालिकाको केही क्षेत्र पहिरो को उच्च जोखिममा रहेको छ । पहिरोले खेतीयोग्य जमिन, वस्ति र भौतिक संरचनाहरुमा क्षति पुग्ने देखिन्छ ।

**आगलागी**

सामुदायिक वन क्षेत्रको नजिक रहेको बस्तिहरुमा खास गरी गर्मियाममा हुन सक्ने आगलागीको जोखिममा रहेका छन् । एकातिर गर्मियाममा वनजंगलमा समुदायको तर्फ बाट नै आगो लगाईने गरेका कारण र चिसो समयमा हिटरहरुको प्रयोग गर्दा विजुली सट हुने तथा ग्यास लिक भई आगो लाग्ने सम्भावना रहेको छ । शहरी क्षेत्रमा खास गरी डडेल्धुरा सदरमुकाममा हिउदको समयमा आगलागी भईरहेको एतिहासिक समयरेखाले देखाउदछ ।

**महामारी**

विभिन्न माहामारीका कारण जनधनमा नोक्सान हुन सक्ने साथै रोजगार गुम्न सक्ने र आर्थिक, सामाजिक प्रणालीहरुमा असर हुने देखिन्छ ।

## ४: सामाजिक आर्थिक सन्दर्भ

नेपालको सुदुर पश्चिम प्रदेश अन्तरगत पर्ने डडेल्धुरा जिल्ला एउटा सुन्दर जिल्ला हो । यस प्रदेशका ९ वटा जिल्लामध्ये डोटी, अछाम, बैतडी, दार्चुला, बझाङ र वाजुरा जिल्ला वाने वाटो यहि डडेल्धुरा जिल्ला हुदै जान्छ । सुदुरपश्चिम प्रदेशको Hill Station को रुपमा रहेको तथा माथी उल्लेखित ६ **वटै जिल्लाको** प्रवेश विन्दुको



CamScanner

रुपमा रहेको डडेल्धुरा जिल्लाको महत्व सुदुरपश्चिमप्रदेशमै विशेष रहेको छ । साविक महाकाली तथा सेती अञ्चलका विभिन्न जिल्लाका मानिसहरु आवात जावत गर्ने केन्द्रको रुपमा रहेकोले यस जिल्लामा शान्ति सुरक्षा, अपराधिक गतिविधि तथा सवारी दुर्घटनाको दृष्टिकोणले अलि बढि संवेदनशील हुदै गएको छ । ५ वटा गांउपालिका र २ वटा नगरपालिका रहेको यस जिल्लाको कूल जनसंख्या मध्ये झण्डै आधा जनसंख्या जिल्लाको दक्षिणी भेगमा पर्ने भित्रीमधेसका आलिताल गांउपालिका र परशुराम न.पा. ले ओगटेको छ । भित्रीमधेसमा पर्ने यी स्थानियतहमा अधिकांस मानिसहरु अन्य जिल्लावाट बसाइ सराइ गरी आएका बासिन्दाहरु बसोवास गर्दछन । यस जिल्लाको संक्षिप्त परिचय निम्नानुसार रहेको छ ।

**भौगोलिकअवस्था :**१५३८ बर्ग कि.मी क्षेत्रफल रहेको यस डडेल्धुरा जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको पिथौरागढ जिल्ला र महाकाली नदी, उत्तरमा वैतडी, दक्षिणमा कैलाली र कन्चनपुर जिल्लासंग सिमाना जोडिएको छ ।

**सामाजिक आर्थिक सूचकहरू:**

**१ : साक्षरता दर** : जम्मा साक्षरता दर ७८.१९ रहेको डडेल्धुरा जिल्ला सुदुरपश्चिमको सबै भन्दा धेरै पुरुष साक्षरता भएको जिल्ला मानिन्छ । डडेल्धुराको पुरुष साक्षरता दर ९.११ रहेको छ भने महिलाको साक्षरता दर ६.६९ रहेको छ ।

**२ : स्वास्थ्य सेवामा पहुच** : डडेल्धुराको स्वास्थ्य सेवाको दृष्टिकोण ले भिन्न भिन्न तथ्यांकहरु रहे पनि स्वास्थ्यमा सबैको पहुँच पुगोस भन्ने उद्देश्यका साथ जिल्लाका सबै पालिकाका सबै वडाहरुमा स्वास्थ्य संस्था स्थापना गरि स्वास्थ्य सेवा उपलव्ध गराईरहेको छ ।यद्यपी भौगोलिक विकटताको कारण यस जिल्लाको ७५ देखी ८० प्रतिसत जनताको स्वास्थ्य सेवामा सहज पहुच रहेको छ भन्न सकिन्छ ।

## ५ : डडेल्धुरा भित्र रहेका पूर्वाधार तथा सेवाहरु

**१) सडक संञ्जाल** : सुदुरपश्चिमको केन्द्रविन्दु मानिने डडेल्धुरा जिल्लाहुदे सुदुरपश्चिमका सबै जिल्लालाई जोड्ने मुख्य राजमार्गहरु रहेका छन । डडेल्धुरा कैलाली जोड्ने मुख्य सडक संञ्जाल भिमदत्त राजमार्ग रहेको छ भने डोटी हुदै अछाम बाजुरा जानको लागी डडेल्धुराको स्याउले वजार बाट डा.केआई.सिँ राजमार्ग रहेको छ भने वैतडी, बझांग र दार्चुला जोड्नको लागी डडेल्धुरा-बैतडी दशरथ चन्द राजमार्ग रहेको छ ।
यसका साथै डडेल्धुरा जिल्लाभित्र रहेका ५ वटा गाँउपालिका र २ वटा नगरपालिकाका सबै वडा लाई सडक संञ्जाल संग जोडिएको छ भने वडा स्थित केही वस्तिहरु लाई सडक संञ्जालमा जोड्ने प्रयास भने जारी रहेको छ ।

**२) संञ्चार सुविधा :**जिल्ला भित्र टेलिफोन, मोवायल तथा ईटरनेटको पर्याप्त सुविधा रहेको छ । जिल्लामा नेपाल टेलीकम वाहेकका विभिन्न टेलीफोन सेवा प्रदायक कम्पनि तथा ईन्टरनेट प्रदायक कम्पनीको उपस्थिती ले जिल्ला भरी संञ्चार सुविधा लाई सहजै उपभोग गर्न सकिने अवस्था रहेको छ ।

**३) स्वास्थ्य सेवा :** डडेल्धुरा जिल्लाको वासिन्दाहरुको स्वास्थ्य सेवामा राम्रै पहुच देख्न सकिन्छ । जिल्ला स्थित संघिय सरकार मातहतको डडेल्धुरा अस्पताल ले डडेल्धुरा मात्र नभएर सुदुरपश्चिमका अन्य पहाडि जिल्लाहरुको बिरामीहरु लाई स्वास्थ्य सेवा उपलव्ध गराईरहेको छ भने डडेल्धुराको भित्रिमधेश क्षेत्रमा रहेको जिल्ला अस्पतालले परशुराम नगरपालिका र आलिताल गाँउपालिकाका विरामीहरु लाई स्वास्थ्य सेवा उपलब्ध गराई रहेको छ । यसै गरी जिल्लाका सबै ७ वटा पालिकाको सबै वडा अन्तर्गत रहेका स्वास्थ्य केन्द्रहरुले स्वास्थ्य सेवाउपलब्ध गराई रहेकोछ ।

## ६ : जिल्लाको आर्थिक तथा जिविकोपार्जनका मुख्य क्रियाकलापहरु

१ : कृषि :

डडेल्धुराको कुल ६५ प्रतिसत जनसंख्या कृषमा आवद्ध रहेको र खाद्यान्न उत्पादनको दृष्टिकोणले डडेल्धुराले आफैले उत्पादन गरेको खाद्यान्न ले अपुग हुने गरेको तथ्यांक रहेको छ। आ.व.२०७९/८० मा डडेल्धुरा लाइ २८१ मेट्रिक टन खाद्यान्न अभाव भएको सुदुरपश्चिम प्रदेश कृषि विकास निर्देशनालयको तथ्यांकमा उल्लेख गरिएको छ ।

२ : तरकारी तथा फलफुल उत्पादन :

डडेल्धुरामा पछिल्लो समय आलुखेतीमा उल्लेखनिय रुपमा वृद्धि भएको देख्न सकिन्छ। गत आर्थिक वर्षको तुलनामा यो आर्थिक वर्षआलु उत्पादन राम्रो रहेको कृषि ज्ञान केन्द्र डडेल्धुराको तथ्यांकमा उल्लेख गरिएको छ। डडेल्धुरामा आर्थिक वर्ष २०७७/७८ मा २१ मेट्रिक टन आलु उत्पादन भएकोमा यस आर्थिक वर्षमा २२ मेट्रिक टन आलु उत्पादन भएको तथ्यांक छ। यसै गरी डडेल्धुरामा अन्य तरकारी तथा फलफुलहरुको उत्पादन अघिल्लो आर्थिक वर्षको तुलनामा वृद्धि भएको देख्न सकिन्छ।

३ : व्यापार व्यवसाय तथा अन्य सेवाहरु :

जिल्लाका विभिन्न क्षेत्रहरुमा व्यापार व्यवसाय तथा सेवामुलक व्यापारिक प्रतिस्ठानहरुले आर्थिक गतिविधीमा टेवा पुरयाएको देखिन्छ भने संञ्चालन भईरहेको व्यापार व्यवसाय तथा सेवामुलक व्यापारिक प्रतिस्ठानहरुले स्थानिय स्तरमा रोजगारी श्रृजना गरिरहरहेको छ ।

## ७ : डडेल्धुरामा विपद् प्रतिकार्य तथा पुन:प्राप्तिको लागि संस्थागत क्षमता र श्रोतहरू:

**क) जिल्ला विपद व्यवस्थापन समिति र जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र :**

विपदको क्षेत्रमा काम गर्ने डडेल्धुरा जिल्ला स्थित विभिन्न सरकारी तथा गैरसरकारी निकाय तथा प्रतिस्ठानहरु लाई एकिकृत गरि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला विपद व्यवस्थापन समितिले डडेल्धुरा जिल्ला भरीको विपद व्यवस्थापनको कार्य लाई हेर्ने गर्दछ। यसै गरि जिल्ला आपातकालीन कार्य संञ्चालन केन्द्रले समुदाय तथा प्रदेश विच समन्वय गरी सुचना आदान प्रदान गर्ने गर्दछ ।

**ख) नेपाल रेडक्रस सोसायटी :**

जिल्लामा मानविय क्षेत्रमाकाम गर्ने प्रमुख निकायको रुपमा जिल्ला रेडक्रस शाखा र सात वटा पालिका स्तरको शाखाले विपद व्यवस्थापन र मानवियताको क्षेत्रमा काम गरिरहेको छ।

**ग) सरकारी कार्यालय :**जिल्ला स्थित विभिन्न सरकारी कार्यालयहरुले विषयगत क्षेत्र प्रमुख वा सदश्यको रुपमा रही जिल्लाको विपद व्यवस्थापनको क्षेत्रमा काम गरिहरेहेको छ।

**घ) राष्ट्रिय तथाअन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु :**

डडेल्धुराको विपद व्यवस्थापन को क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुले भुमिका खेलीहरको हुन्छन । पछिल्लो समय डडेल्धुराको सामुदायिक विकास तथा विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने संघ संस्थाहरु मध्ये एकिकृत विकास समाज, ग्रामिण महिला विकास तथा एकता केन्द्र, वहुउद्देश्यीय विकास समाज, रेडक्रस सोसायटी मुख्य हुन।

**ङ) सुरक्षा निकाय :**

जिल्ला स्थित नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीका विभिन्न युनिटहरु विपद व्यवस्थापन कार्यका लागी खास गरी खोज तथा उद्धारका लागी तयारी अवस्थामा रहने गरेका छन्।

**च) स्थानिय विपद व्यवस्थापन समिति :**

डडेल्धुराका सात वटा पालिकामा रहेका स्थानिय विपद व्यवस्थापन समितिहरु पालिका स्तरमा हुने विपदलाई व्यवस्थापन गर्न तयार रहेका छन्। यद्यपी स्थानिय विपद व्यवस्थापन समिति लाई अझ व्यवस्थित गर्न आवश्यक छ। सबै पालिकाहरु मा आपतकालिन कार्यसंञ्चालन केन्द्र स्थापना गर्न आवश्यक छ, विभिन्न



CamScanner

कार्यदलहरु लाई क्रियाशिल गर्नु आवश्यक छ र विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन हरु निर्माण गर्न आवश्यक रहेको देखिन्छ ।

**छ) सामुदायिक विपद व्यवस्थापन समिति तथा कार्यदलहरु :**

डडेल्धुराको मुख्यतया परशुराम नगरपालिका र आलिताल गाँउपालिका काविभिन्न समुदायहरुमा गठन भएका सामुदायिक विपद व्यवस्थापन समिति तथा समिति अन्तर्गत रहेका विभिन्न कार्यदलहरु समुदाय स्तरको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागी तयारी अवस्थामा रहेका स्थानिय संरचनाहरु हुन ।

## ८ : डडेल्धुरा जिल्लाको वातावरणिय अवस्थिती

**क) भौगोलिकअवस्था**

१५३८ बर्ग कि.मी क्षेत्रफल रहेको यस डडेल्धुरा जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको पिथौरागढ जिल्ला र महाकाली नदी, उत्तरमा बैतडी, दक्षिणमा कैलाली र कन्चनपुर जिल्ला संग सिमाना जोडिएको छ। यो जिल्ला ८०' १२" पूर्व देखि ८०' ४७"पूर्व देशान्तरसम्म र २८' ५९"उत्तर देखि २९' २६" उत्तर आक्षांस सम्म फैलिएको छ भने ४६२ मीटरको उचाई देखि २६३९ मीटर उचाईसम्म भएको भित्रिमधेश चुरे पहाड देखि महाभारतको लेक, घनघस्या जस्ता नाम चलेका लेक यस जिल्लामा रहेका छन ।

**ख) प्राकृतिक स्वरुप**

यस जिल्लाको दक्षिणि भु-भाग आलिताल गांउपालिका र परशुराम नगरपालिका क्षेत्रमा उष्ण र बाँकी पहाडी भु-भागमा समशितोष्ण हावापानी पाईन्छ। सदरमुकाममा गर्मी याममा ३२ डिग्री सेल्सीयस सम्म र जाडोयाममा सुन्य ० डिग्री सेल्सीयस सम्म तापक्रम रहन्छ भने वर्षा याममा १३४३. मि.मि. सम्म वर्षा हुने गर्दछ ।

**प्राकृतिक हसावले यस जिल्लाको क्षेत्रफललाई निम्मानुसार विभाजन गर्न सकिन्छ :**

| | |
|---|---|
| कृषि योग्य क्षेत्रफल | २५,६१० हेक्टर |
| वस्ती नदिनाला र बाटोले ओगटेको क्षेत्रफल | १३,४४५ हेक्टर |
| वन | १,१४,७३६ हेक्टर |
| जम्मा | १,५३, ८०० हेक्टर |

## ९ : डडेल्धुरा जिल्लाका प्राकृतिक सम्पदाहरु :

**(क) प्रमुख नदिनालाहरु:**

यहाँको प्रमुख नदिनालाहरुमा महाकाली र सेतीहुन । तर यीनदीहरु जिल्लाको आर्थिक विकासको दृष्टिकोणले त्यति उपयोगी मानिदैनन् । अन्य सहायक खोलाहरुमा रंगुन, रडुवा, पन्तुरा, रुपाली गाड, घटाल, सुर्नया, रुवाखोला, सकायल, तिलाडीगाड, दोगाड, सिर्ष, कलेना, लोपा, सिराड, सादनी, ठूलिगाड, डोटीगाड आदिमूख्य पर्दछन ।

**(ख) वनजंगल:**

कूल भु-भागको लगभग७५ प्रतिशत वनजंगलले ढाकीएको यस जिल्लाको दक्षिणी भेगमा उष्ण सदाबहार सल्ला, साल, सिसम जस्ता वृक्षहरु भरीभराउभई हरियाली तथा प्राकृतिक दृष्टिकोणले सुसम्पन्न वनजंगल छन भने उच्च पहाडी भेगमा समशितोष्ण कोणधारी वनजंगलले सजिसजाउ छन ।

**यस जिल्लामा रहेको वनको क्षेत्रफल निम्नानुसार रहेको छ ।**

| | |
|---|---|
| कूल वन क्षेत्र | १,१४,७३६.५० हेक्टर |
| सरकारी वन क्षेत्र | ९७,८४६.२० हेक्टर |



CamScanner

| | |
|---|---|
| सामुदायिक वन | १६,८९.४१ हेक्टर |

**(ग) बन्यजन्तु:**

यस जिल्लामा पाईने प्रमुख वन्य जन्तुहरुमा बाघ, चितुवा, भालु, घोरल, थार, जरायो, दुम्सी, रतुवा, बादर, स्याल, लंगुर, बंदेल आदिहुन् ।

**(घ) झरना र ताल:**

यस जिल्लाको विशेष उल्लेखनिय ताल तथा झरनाहरुमा आलिताल गांउपालिकामा रहेको ११०० मिटर लम्बाई ८० मीटर चौडाई २७ मीटर गहिराई भएको आलिताल पर्दछ भने आलिताल गांउपालिका वडा न.१ मा पर्ने दुई तले जैगीना झरना पर्दछन भने परशुराम नगरपालिका को वडा नं.१मा बोडा ताल रहेको छ । भागेश्वर गांउपालिकाको वडा नं. १ मा सायल झरना रहेको छ ।

## १० : डडेल्धुरामा रहेको वातावरणिय जोखिम तथा विपदमा पार्ने प्रभावहरु

**क) खोलानाला**

डडेल्धुरामा रहेका स साना देखी ठुला खोलाहरुमा वर्षायाममा आउने बाढीका कारण खेतीयोग्य जमिन, बस्ति तथा विभिन्न भौतिक संरचनाहरुमा क्षती पुगाउने सम्भावना रहेको छ ।

**ख)असिनापानी**

जलवायू परिवर्तनका कारण अतिवृष्ठि र अनावृष्ठिको कारण पर्ने असिनापनी ले खेतिपातिमा नोक्सान गर्ने सम्भावना रहेको छ ।

**ग)वनजंगल**

डडेल्धुरामा रहेका विभिन्न वनहरुमा चैत्र वैशाख जेठको महिनामा हुने आगलागीको कारण जनधनको नोक्सा नहुने सम्भावना रहेको छ ।

## ११ : डडेल्धुराका वातावरणीय श्रोत तथा प्रतिकार्य तथा पुन:प्राप्तीको लागी सम्भाव्यता

**१) पानीका श्रोतहरु**

डडेल्धुरा जिल्लामा रहेका विभिन्न पानिका श्रोतहरुले विपदको समयमा पिउने पानिको रुपमा प्रयोग गर्नको लागी प्रयोग गर्न सकिन्छ भने सुक्खा समयमा हुने आगलागी नियन्त्रणका लागी पनि प्रयोग गर्न सकिन्छ त्यसै गरी विपद पश्चात पुन:निर्माणका क्रममा विभिन्न भौतिक संरचनाहरु निर्माण गर्नका लागी पानिको श्रोतको प्रयोग गर्न सकिन्छ ।

**२) वनजंगल**

विपद पश्चात पुन:निर्माणको क्रममा समुदाय नजिक रहेका वन बाट काठपातहरु ल्याई भौतिक संरचनाहरु निर्माण गर्नका लागी समुदायमा रहेको वनजंगलको प्रयोग गर्न सकिन्छ ।

**३) खुला चौरहरु**

विपदको दौरानमा जिल्ला भित्र रहेका खुल्ला चौरहरु लाई आश्रय स्थलको रुपमा प्रयोग गर्न सकिन्छ भने । विपद पश्चात पुन:स्थापना गर्नुपर्ने अवस्था आएको खण्डमा यि खुला चौरहरु लाई कानुनी प्रक्रिया मिलाएर प्रयोग गर्न सकिन्छ ।

## १२ : विपद जोखिमन्यूनिकरण तथा व्यवस्थापनका लागी बनेको संस्थागत खाका

## १ : नेपालमा विद्यमान विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, कानुन तथा प्रावधानहरु ।

**संघिय सरकार अन्तर्गत**

- विपद जोखिमन्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४
- राष्ट्रिय विपद प्रतिकार्य कार्यढांचा २०७० को प्रथम संसोधन २०७५



CamScanner

- विपद जोखिम न्यूनिकरण राष्ट्रिय नीति २०७५
- प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७७
- आपतकालिन कार्य संन्चालन केन्द्र संचालन निर्देशिका
- आपतकालीन कोष संन्चालन निर्देशिका

**सुदुरपश्चिम प्रदेश सरकार अन्तर्गत**

- प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५
- विपद व्यवस्थापन तथा राहत वितरण निर्देशिका २०७६
- स्थानिय सरकार संन्चालन ऐन २०७४
- प्रादेसिक विपद व्यवस्थापन योजना २०७७

**जिल्ला अन्तर्गत**

- जिल्ला विपद पुर्व तयारी तथा प्रतिकार्य योजना २०८०
- मनसुन प्रतिकार्य आपतकालिन कार्ययोजना २०८०
- हिमपात पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना २०७९

**पालिका अन्तर्गत**

- पालिका स्तरीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना
- आपतकालीन कोष व्यवस्थापन निर्देशिका

## १३ : विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा डडेल्धुरा स्थित विभिन्न निकायहरुको भुमिका

| क्र.सं. | निकायको नाम | जिम्वेवार व्यक्ति | जिम्वेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यलय | प्रमुख जिल्ला अधिकारी | विपद व्यवस्थापन समिति मार्फत समन्वयकारी भुमिका खेल्ने |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | समन्वयकारी भुमिका खेल्ने |
| ३ | सुरक्षा निकाय | प्रमुख तथा प्रतिनिधि | खोज तथा उद्धार |
| ४ | नेपाल पत्रकार महासंघ | अध्यक्ष | सुचना तथा संन्चार |
| ५ | डडेल्धुरा उद्योग बाणिज्य संघ | अध्यक्ष | आवास तथा पुन:निर्माणका लागी आवश्यक पर्ने सामाग्री सहयोग गर्ने |
| ६ | जिल्ला स्थित विषयगत शाखाहरु | प्रमुख तथा प्रतिनिधिहरु | क्लस्टरको नेतृत्व गर्ने तथा सक्रिय पार्ने |
| ७ | जिल्ला स्थित राजनैतिक दल | प्रमुख तथा प्रतिनिधिहरु | समन्वयकारी भुमिका |
| ८ | डडेल्धुरा उग्रतारा सार्वजनिक यातायात प्रा.ली. | अध्यक्ष तथा कार्यालय प्रमुख | खोज तथा उद्धार कार्यमा सवारी साधन परिचालन गर्ने |
| ९ | गै.स.संस्था महासंघ | अध्यक्ष | गैरसरकारी संघ संस्था विच समन्वय गर्न तथा श्रोत परिचालन गर्ने |
| १० | नेपाल रेडक्रस सोसायटी | सभापति | गैर खाद्य सामाग्री परिचालन गर्ने |
| ११ | | | |

## १४ : विपद व्यवस्थापनका लागी एकिकृत विकास समाज, डडेल्धुराको संस्थागत तयारी

डडेल्धुराको सम्भावित विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि एकिकृत विकास समाज डडेल्धुराका कार्यकारी निर्देशकको संयोजकत्वमा ३ सदश्यिय विपद व्यवस्थापन समिति रहने छ भने एकिकृत विकास समाज, डडेल्धुराको कार्य समिति पदाधिकारी, कर्मचारी तथा स्वयम सेवकहरुको ७ देखी ९ सदश्यिय विपद व्यवस्थापन तथा प्रतिकार्य समिति तयार गरीनेछ।

एकिकृत विकास समाज,डडेल्धुराको विपद व्यवस्थापन समिति

| क.सं. | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | पदमा गुरुंग | संयोजक तथा कार्यकारी निर्देशक | ९८४८८००३९९ | |
| २ | रामधामी | महा सचिव | ९८४८७७७०६६ | |
| ३ | बाबुराम श्रेष्ठ | कार्यक्रम व्यवस्थापक | ९८४८७६७३९० | |

एकिकृत विकास समाज,डडेल्धुराको विपद व्यवस्थापन तथा प्रतिकार्य समिति

| क.सं. | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश बहादुर मगर | संयोजक | ९८४८७६७५५३ | |
| २ | डम्बरी ऐर | सदश्य | ९८४८८८२४४ | |
| ३ | श्रृजना बोगटी | सदश्य | ९८६४७७२५८३ | |
| ४ | आशिष मल्ल | सदश्य | ९८४८७६५१७५ | |
| ५ | श्रृजना गुरुंग | सदश्य | ९८६५८६३८१८ | |
| ६ | चान्द्रिका रोकाया | सदश्य | ९८६०११७०८७ | |
| ७ | सरस्वती भट्ट | सदश्य | ९८४८८०६२७१ | |

## सूचनाव्यवस्थापन:

डडेल्धुरा जिल्लाको आपतकालिन पूर्व तयारीका लागि जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गत ९ वटा क्लस्टर रहेका छन् । विपदको समयमा सुचना व्यवस्थापनका लागि एकिकृत विकास समाज डडेल्धुराको विपद् व्यवस्थापन समितिका सम्पर्क व्यक्ति एवं कार्यकारी निर्देशकले गर्नेछन् । विपद सम्पर्क व्यक्तिले सबै जिल्लाका सबै कलष्टर तथा पालिकाको विपद फोकल व्यक्तिहरु संग सूचना संकलन गरी व्यवस्थापन गरिने छ ।

## मौसम पूर्वानुमान

डडेल्धुराको सम्भावित विपद को जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न जल तथा मौसम विज्ञान विभाग, जल तथा मौसम पूर्वानुमान महाशाखा केन्द्र, सुदुर पश्चिम प्रदेश र कर्णाली प्रदेशका लागि जल तथा मौसम विज्ञान कार्यालय, कोहलपुर तथा जल तथा मौसम विज्ञान विभाग महाकाली बेशीन फिल्ड कार्यालय अत्तरिया तथा डडेल्धुरा सदरमुकाम स्थित जल तथा मौसम विज्ञान विभागको कार्यालय मार्फत मौसम पूर्वानुमानको जानकारी तथा सूचनाहरु लिई सूचनाको आधारमा पूर्व तयारीमा जोड दिईने छ ।

१५ : डडेल्धुरा जिल्लाको विषयगत क्षेत्र तथा जिम्वेवार निकायहरु

| क्र.सं. | विषयगत क्षेत्र | क्षेत्रगत अगुवा | जिम्वेवार व्यक्ति |
|---|---|---|---|
| १ | सुचना, संचार तथा समन्वय | जिल्ला विपद व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी |
| २ | खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी |
| ३ | आपतकालीन आवाश तथा गैर खाद्य सामाग्री | नेपाल रेडक्रस सोसायटी | सभापति |
| ४ | स्वास्थ्य तथा पोषण | स्वास्थ्यकार्यालय | जिल्ला जनस्वास्थ्य अधिकृत |
| ५ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन | खानेपानीतथा सरसफाई डिभिजन कार्यालय | डिभिजन प्रमुख |
| ६ | खाद्य सुरक्षा तथा जिविकोपार्जन | कृषि ज्ञान केन्द्र | ज्ञान केन्द्र प्रमुख |
| ७ | आपतकालिन शिक्षा | शिक्षाविकास तथा समन्वय ईकाई | ईकाई प्रमुख |



CamScanner

| | | | |
|---|---|---|---|
| ८ | पुनस्थापना, पुननिर्माण तथा प्रवन्धगत व्यवस्थापन | जिल्ला समन्वय समिति | जिल्ला समन्व्यअधिकारी |
| ९ | संरक्षण | जिल्लाप्रशासनकार्यालय | प्रमुखजिल्लाअधिकारी |

**एकिकृत विकास समाज डडेल्धुराको विपदप्रतिकार्य तथाव्यवस्थापन समितिको मुख्यजिम्मेवारीहरु**

- विपद् पूर्व र विपद्का समयमा विपद प्रतिकार्य तथा व्यवस्थापन समितिको बैठक बस्ने ।
- विपदव्यवस्थापन तथा अन्य सामाजिक संघ संस्थालाई प्रश्ताव पेश गरी सहयोग माग गर्ने ।
- सरोकारवाला निकाय संग समन्वय गर्ने ।
- विपद जोखिम व्यवस्थापन का विभिन्न चरण का क्रियाकलापहरु संञ्चालन गर्ने ।

**१६ : आपतकालिन कार्यमा एकिकृत विकास समाजको अनुभवहरु**

| घटना | वर्ष | साझेदार सहयोगी | एकिकृत विकास समाजको अनुभव |
|---|---|---|---|
| बाढी | २०६३ देखी २०७८ सम्म | अक्सफाम<br>कारितास<br>मर्सिकोर नेपाल<br>सेभ द चिल्ड्रेन | सामुदायिक विपद व्यवस्थापन समिति गठन, क्षमता अभिवृद्धि, कार्यदलको क्षमता अभिवृद्धि, संस्थागत विकासमा सहयोग, सामाग्री सहयोग, संञ्जालीकरण, |
| झाडापखाला | २०६३ | युनिसेफ, केयर नेपाल | सरसफाई सामाग्री वितरण, जनचेतनामुलक कार्यक्रमहरु संञ्चालन, जनचेतनामुलक सुचना सामाग्री वितरण |
| कोभिड १९ | २०७७ र २०७८ | मर्सिकोर नेपाल | घरधुरी स्तरमा सरससफाई सामाग्री वितरण, विभिन्न, क्वारेन्टाईनमा विभिन्न सामाग्री सहयोग, विभिन्न स्वास्थ्य संस्थालाई सरसफाई सामाग्री सहयोग । |

**१८ : मौषमीप्रकोप पात्रो**

| मौषमीप्रकोप पात्रो | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माघ | फाल्गुन | चैत्र | बैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष |
| बर्षा हुने | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| भुकम्प | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |

## १८ : जोखिमविश्लेषण

| Impact | | | | | | |
|---|---|---|---|---|---|---|
| | 5. Critical | | | | Flood | Earthquqe |
| | 4. Severe | | | | | Landslide |
| | 3. Moderate | | | Hailstone. | | |
| | 2. Minor | | Epidemic | Wild animal | | |
| | 1. Negligible | Wild fire | | | | |
| | | 1. Very Unlikely | 2. Unlikely | 3. Moderately Likely | 4. Likely | 5. Very likely |
| | | Likelihood | | | | |

## १९ : जोखिमको परिदृश्य

| जोखिम | समय | सम्भावित प्रभाव पार्ने क्षेत्र | जोखिममा रहेका तत्वहरु | सम्भावित असर |
|---|---|---|---|---|
| बाढी | चैत्र देखी असार सम्म | आलिताल, परशुराम र गन्यापधुरा | आलिताल, परशुराम र गन्यापधुराको नदि किनाराको बस्ति, घरहरु , बालबालिका, वृद्ध, महिलाहरु | १: खेती योग्य जमिनमा नोक्सान हुन सक्ने ।<br>२:भौतिक संरचना सडक,पुल, विद्यालय भवन तथा सिंचाई पोखरीहरु मा नोक्सानहुन सक्ने ।<br>३:महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु जोखिममा पर्न सक्ने<br>४: पानीजन्य रोगहरु फैलन सक्ने ।<br>५: खानेपानीको संरचनाहरु भत्किदा पिउने पानीको अभाव हुन सक्ने । |
| भुकम्प | जुनसुकै समय | डडेल्धुरा | भौतिक संरचनाहरु, महिला, बालबालिका, वृद्ध, अपांगता भएका व्यक्तिहरु | १: भौतिक संरचनाहरु भत्किने तथा क्षतिग्रस्त हुन सक्ने ।<br>२: मानिसहरुको मृत्यू हुन सक्ने ।<br>३: महिला,बालबालिका, वृद्ध, अपांगता भएका व्यक्तिहरु बढी प्रभावित हुन सक्ने । |
| पहिरो | असार देखी असोज सम्म | आलिताल गाँउपालिका र परशुराम नगरपालिकाको चुरे क्षेत्र तथा गन्यापधुरा, नवदुर्गा, भागेश्वर, अजयमेरु | भौतिक संरचना, खेतियोग्य जमिन | १: व्यक्तिगत घरहरु, विद्यालय भवनहरु, स्वास्थ्य संस्थाका भवनहरुमा क्षतिपुग्न सक्नेछन् ।<br>२: खेतियोग्य तथा बनजगल भएका जमिनहरु भत्किन सक्नेछन । |

| | | | | |
|---|---|---|---|---|
| | | गाँउपालिकाको उच्च क्षेत्रमा । | | ३: पशु चौपाया तथा मानविय क्षति हुन सक्नेछ, घाईते हुन सक्नेछन् । |
| आगलागी | चैत्र देखी जेठ सम्म | सबै पालिकाको वन क्षेत्रहरुमा | वन जंगल, बनजंगल क्षेत्र नजिकका घरहरु, जनावर हरु, मानिस हरु, खानेपानी योजनाहरु | १: वन जंगलको छेउछाउका वस्तिमा रहेका घरहरुमा आगलागीहुन सक्ने ।<br>२: चरणका लागी वन गएका जनावर तथा जंगली जनावरहरु मर्न सक्ने ।<br>३: घास दाउरा गर्न गएकामानिस हरु घाईते हुन सक्ने वा मर्न सक्ने ।<br>४: खोपानी योजनाका पाईप लाईनहरु जल्न सक्ने |

## २० : आपतकालिन कार्ययोजना

डडेल्धुरामा पहिचान गरिएको जोखिमको विश्लेषणको आधारमा मुख्य प्रकोप हरुको आधारमा आपतकालीन कार्ययोजना निर्माण गरिएको छ ।

| मुख्य जोखिम | आपतकालिन कार्ययोजना |
|---|---|
| पहिरो | Conengency plan 2023 IDeS.docx |
| वाढी | |
| भुकम्प | |



CamScanner

## २१ : मानवश्रोत व्यवस्थापन

### भुमिका तथा जिम्वेवारी

| मुख्यकाम | जिम्वेवारी | क्षमताअभिबृद्धि | तालिमश्रोत |
|---|---|---|---|
| सुचना संकलन गर्ने | विपद व्यवस्थापन तथा प्रतिकार्य समिति संयोजक ले संयोजन गरी समितिका अन्य सदश्यहरु समेत मिलि सुचना संकलन गर्ने | आवश्यक श्रोत पहिचानको क्षेत्रमा क्षमताअभिवृद्धि गर्ने | विभिन्न तालिम प्रदायक संघ संस्था तथा अनलाईनको माध्यम |
| विभिन्न माध्यम बाट आवश्यकता पहिचान गर्ने | विपद व्यवस्थापन समिति संयोजक ले संयोजन गरि अन्य सदश्यहरु खटिने | विभिन्न सर्वेक्षणका लागी प्रश्नावलीहरु तयार गर्नका लागी तालिम प्रदान गर्नुपर्ने | |
| आवश्यकता अनुसार विपद व्यवस्थापन तथा प्रतिकार्य समितिको जिम्वेवारी बाडफाड गर्ने | विपद व्यवस्थापन तथा प्रतिकार्य समिति संयोजक | | |
| जिल्ला स्थित सरोकारवाला निकाय, विकाश साझेदार, जिल्ला विपद व्यवस्थापन समिति संग समन्वय गर्ने | विपद व्यवस्थापन समिति संयोजक ले नेतृत्व लिने साथै समितिका अन्य सदश्यहरु ले सहयोग गर्ने आवश्यकता अनुसार एकिकृत विकास समाज डडेल्धुरामा कार्यरत अन्य कर्मचारी तथा कार्यसमिति सदश्यहरुको सहयोग लिन सकिने । | | |
| आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने | विपद व्यवस्थापन तथा प्रतिकार्य समिति संयोजक | | |

## २२ : पूर्व सुचना प्रणाली संयन्त्र

| जोखिम: | सुचनाको श्रोत | सुचनाको प्रकार | INFO SHARED TO: |
|---|---|---|---|
| बाढी | Department of Hydrology and Meteorology, Flood Forecasting Division<br>www.hydrology.gov.np<br>District Emegency Operation Center, Dadeldhura<br>Local Emergency Operation Center<br>National Disaster Risk Reduction Management Authority<br>https://bipad.gov.np/np/ | River water level, rainfall, flood forecast | |
| भुकम्प | National Earthquake Monitoring & Research Center<br>https://www.seismonepal.gov.np/ | Earthquake | |



CamScanner

| | | | |
|---|---|---|---|
| | District Emegency Operation Center, Dadeldhura<br>Local Emergency Operation Center<br>National Disaster Risk Reduction Management Authority<br>https://bipad.gov.np/np/ N/A | | |
| पहिरो | http://www.hydrology.gov.np/#/rainfall_watch?_k=qf2n28(rainfall watch)<br>District Emegency Operation Center, Dadeldhura<br>Local Emergency Operation Center<br>National Disaster Risk Reduction Management Authority | Daily precipitation exceeds 144 mm | |

२३ जिल्ला स्थित मुख्य सुचनाका श्रोतहरु

| क्र.सं. | श्रोत | सम्पर्क व्यक्ति | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्लाआपतकालिनकार्य संचालन केन्द्र, | किरण बहादुर रावत | ९८४८३०८५२३ | |
| २ | परशुराम नगरपालिका | सुचना अधिकारी | ९८६१५९५५२५ | |
| ३ | अमरगढी नगरपालिका | मिन राज ओझा | ९८५८७८३९१९ | |
| ४ | आलिताल गाँउपालिका | नव राज ओझा | ९८४८८२७०६१ | |
| ५ | भागेश्वर गाँउपालिका | मातृका प्रसाद भट्ट | ९८४८७८६८५२ | |
| ६ | अजयमेरु गाँउपालिका | लोकेश बोहरा | ९८५८७८२०२५ | |
| ७ | नवदुर्गा गाँउपालिका | करुणाकर भट्ट | ९८५८७४५५८८ | |
| ८ | गन्यापधुरा गाँउपालिका | शिव बहादुर महता | ९८५८७८३०४२ | |

## २३ : डडेल्धुराका नदि तथा वर्षा मापकहरुको विवरण

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. | केन्द्रको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | यादवबोगटी | आलीतालगा.पा. वार्ड नं. ८ कालाकोट | ९८०६४०४५२५ | नदी_अवलोकन | |
| २ | पशुपतीधामी | परशुराम १२ कैनपानी | ९८४८९८३९६२ | नदीअवलोकन | |
| ३ | तारा दत्त जोशी | परशुराम ५ परशुरामधाम | ९८४७६१९७५२ | नदीअवलोकन | |
| ४ | निरज साउद | परशुराम १२ जोगबुडा | ९८६८४६७७४६ | बर्षा मापन | |
| ५ | नरेश देउवा | गन्यापधुरा १, शाहुखर्क | ९८४८८७१६५६ | वर्षा मापन | |
| ६ | लक्ष्मी देवीजोशी | भागेश्वर गाउपालिका | ९८६५६५३२६८ | वर्षा मापन | |
| ७ | श्यामबहादुर सुनार | जलतथामौषम बिज्ञान बिभागकार्यालय डडेल्धुरा | ९८४८०८४०१६ | वर्षा मापन | |
| ८ | किरण बहादुर रावत | जिल्लाआपतकालिनकार्य संचालन केन्द्र, डडेल्धुरा | ९८४८३०८५२३ | पूर्व सुचना | |
| ९ | रमेश पनेरु | परशुराम ६, कुणा | ९८४८७८१५०६<br>९८१४६६०१०६ | नदीमापन | |
| १० | प्रतापबोहरा | गैरा वजार, डोटी | ९७४९५३३५५१ | वर्षा मापन | |

## १७ : विपदको बेला प्रयोग गर्न सकिने महत्वपुर्ण सरोकारवालाहरुको सम्पर्क नम्बरहरु

| निकाय/संस्थाको नाम | सर्म्पक व्यक्ति | फोन नं. |
|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ०९६४२०१३३ |

| निकाय/संस्थाको नाम | सम्पर्क व्यक्ति | फोन नं. |
|---|---|---|
| जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ०९६४१०१४४ |
| अमरगढी नगरपालिका | प्रमुख प्रशासकिय अधिकृत | ०९६४१०२२२ |
| परशुराम नगरपालिका | प्रमुख प्रशासकिय अधिकृत | ०९६४११००४ |
| आलीताल गाउपालिका | प्रमुख प्रशासकिय अधिकृत | ९८१०६२९९७६ |
| भागेश्वर गाउपालिका | प्रमुख प्रशासकिय अधिकृत | ९८५८७३७००८ |
| गन्यापधुरा गाउपालिका | प्रमुख प्रशासकिय अधिकृत | ९८५८७८८७०७ |
| नवदुर्गा गाउपालिका | प्रमुख प्रशासकिय अधिकृत | ९८४३२०२६३८ |
| अजयमेरु गाउँपालिका | प्रमुख प्रशासकिय अधिकृत | ९८४५३३१०३६ |
| जिल्ला स्वास्थ्य कार्यालय | जनस्वास्थ्य अधिकृत | ०९६४१०२२३८ |
| कृषि ज्ञान केन्द्र | ज्ञान केन्द्र प्रमुख | ०९६४१०११२ |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | डिभिजनल प्रमुख | ०९६४१०१५० |
| शिक्षा तथा समन्वय ईकाई | शिक्षा विकास तथा समन्वय ईकाई | ०९६४२०११७ |
| जिल्ला प्रहरी कार्यालय | प्रहरी नायब उपरीक्षक | ०९६४२०१७६ |
| सशस्त्र प्रहरी (बेस क्याम्प) | सशस्त्र प्रहरी नायब उपरिक्षक | ०९६४२०३०० |
| नेपाली सेना | प्रमुख सेनानी | ०९६४२०५०० |
| डिभिजनल बन कार्यालय | प्रमुख | ०९६४२०१४५ |
| नेपाल रेडक्रस सोसाईटी | सभापति | ०९६४१०१४० |
| उद्योग वाणिज्य संघ | अध्यक्ष | ०९६४२०६११ |
| नेपाल पत्रकार महासंघ | अध्यक्ष | ९८५८७५१६३६ |
| डडेल्धुरा अस्पताल | प्रशासक | ०९६४१०२५४ |
| गैह्र सरकारी संस्था महासंघ | अध्यक्ष | ९८५८७५१४८३ |
| एकिकृत बिकास समाज | अध्यक्ष | ०९६४२०१७९ |
| बहुउद्देश्यीय विकास समाज | अध्यक्ष | ०९६४१००१३ |
| महिल ामुक्ति समाज | अध्यक्ष | ०९६४२०३८९ |
| रुड्क | प्रमुख | ०९६४१०३९९ |
| NNDSWDO | अध्यक्ष | ०९६४२०६२६ |

## २४ : आपतकालिन आवश्यकता विश्लेषण

| | | |
|---|---|---|
| क) बहुक्षेत्रीय आवश्यकता विश्लेषण प्रश्नावली | सर्वेक्षण प्रश्नावली | Needs Assessment Multi-S |
| | लक्षित समुह छलफल प्रश्नावली | Needs Assessment Multi-S |

२५ : एकिकृत विकास समाज डडेल्धुरा पूर्वतयारी अवस्थामा रहेको सामाग्री तथा उपकरणहरु

| क्र.सं. | सामाग्री तथा उपकरण विवरण | ईकाई | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्लास्टिक बाल्टिन (२० लिटर) | थान | ५० | | |
| २ | प्लास्टिक मग | थान | ५० | | |
| ३ | त्रिपाल (१२*१६) | थान | ५ | | |
| ४ | स्ट्रेचर फोल्डिंग | थान | २ | | |
| ५ | प्राथमिक उपचार बाकस | सेट | २ | | |
| ६ | लाईफ ज्याकेट | थान | ५ | | |
| ७ | प्लास्टिक हेल्मेट | थान | ५ | | |
| ८ | बुट | जोर | ५ | | |
| ९ | प्लास्टिक डोरी (२०० मिटर) | थान | २ | | |

**(खाद्य सामाग्रीका लागी एकिकृत विकास समाजको आर्थिक तथा प्रशासनिक नियमावली अनुसार सप्लायर्श छनौट गरि आपतकालीन अवस्थामा खाद्यान्न खरिद गर्ने)**

**२६ : सवारी साधन तथा भण्डारण कक्ष**

एकिकृत विकास समाज डडेल्धुरा संग रहेका दुई थान मोटर साईकल लाई आपतकालिन अवस्थामा प्रयोग गर्न सकिन्छ ।

संस्थाले प्रयोग गरिरहेको कार्यालय भवनमा केही राहत सामाग्री भण्डारण गर्न सकिन्छ भने जिल्ला सदरमुकाम स्थित नेपाल रेडक्रस सोसायटीको भवन र परशुराम नगरपालिका मा रहेको भण्डारण कक्ष आपतकालीन अवस्थामा भण्डारण का लागी प्रयोग गर्न सकिन्छ ।

## अनसुची १

**डडेल्धुराको राजनैतिक तथा प्रशासनिक विभाजन**

| | |
|---|---|
| प्रदेश | सुदुरपश्चिम प्रदेश |
| जिल्ला सदरमुकाम | खलंगा, डडेल्धुरा |
| प्रतिनिधि सभा निर्वाचन क्षेत्र | १ |
| प्रदेश सभा निर्वाचन क्षेत्र | २ |
| नगरपालिका | २ |
| गाउँपालिका | ५ |
| जिल्लाको कुल जनसंख्या | १,३९,६०२(महिला ७३७०९ र पुरुष ६५८९३६) |
| वार्षिक जनसंख्या वृद्धि दर | -०.१७प्रतिसत |
| जन घनत्व | ९१ |
| लैंगिक अनुपात | ८९.७१ |
| परिवारको औसत आकार | ४.४१ |